अनुसची: २

(दफा ४ तथा अनुसूची–१ को भाग–२ सँग सम्बन्धित)

स्थानीय राजपत्र

खण्ड : ३, जुम्ला, कर्णाली प्रदेश, संख्या : ७, मितिः श्रावण १ गते, २०७८ साल

तिला गाउँपालिका जुम्लाद्वारा प्रकाशित

भाग–२

# तिला गाउँपालिका

## गाउँ कार्यपालिकाको सूचना

### तिला गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७७

तिला गाउँपालिका भित्रको भु-तहमा वा भुमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने त्यस्तो उपयोगबाट हुने बातावरणिय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छानिय भएकोले,

तिला गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७७ को दफा ४४ बमोजिम कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नामः तिला गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधी,२०७७ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "जलश्रोत" भन्नाले नगर भित्रको भु-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन श्रोतले स्र्यायसम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनु पर्दछ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ।

(ङ) "नगर जलश्रोत समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(च) "अनुमती पत्र" भन्नाले दफा १५ बमोजिम दिईने अनुमती पत्र सम्झनु पर्दछ ।

(छ) "सर्वेक्षण" भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन प्रारम्भिक वातावरणिय परिक्षण वातावरणिय प्रभाव मुल्यांकन डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्दछ।

(ज) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपयोग गर्ने व्यक्ती सम्झनु पर्दछ।

(झ) "सेवा शुल्क" भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलश्रोतसगँ सम्बन्धित सेवा उपभोग गरे बापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ।

(ञ) "गाउँपालिका" भन्नाले तिला गाउँपालिका सम्झनुपर्छ।

(ट) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनुपर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

३. **जलश्रोत स्वामित्वः** गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिका निहित रहनेछ।

४. **जलश्रोत उपयोगः** (१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि देहाय बमोजिमको जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्नेछैन ।



(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहित रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानी घट्ट वा पानिचक्की चलाउन ,

(घ) व्यक्तिगत रुपमा स्थानिय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न ,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत नियमानुसार उपयोग गर्न

(३) जलश्रोत उपयोग गर्ने व्यक्ती वा संङगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ।

५. **जलउपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा तथा सदस्य समेत गरी कम्तिमा ७ (सात) जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा ७ (सात) उपभोक्ताहरुले अनुसुची -१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र १००० (एक हजार रुपैया) दस्तुर सहित गाउँपालिका जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ।

६. **विधानमा खुलाउनुपर्ने विवरणहरुः** दफा ५ बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ।

(क) पुरा नाम र ठेगानः

(ख) उद्वेश्य तथा कार्यक्षेत्रः

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्कः

(घ) सदस्यको निष्काशन र राजिनामः

(ङ) हक दावी नामसारी वा हकवालाको मनोनयनः

(च) साधारण सभा सम्बन्धी

(छ) संञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य र अधिकार)

(ज) संञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

(झ) संञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(ञ) कोष र लेखापरिक्षण

(ट) विधान संशोधन

(ठ) विघटन

(ट) विधान संशोधन

(ट) विधान संशोधन

(ट) विधान संशोधन

(ठ) विविध

७. **दर्ता र प्रमाणपत्रः** (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयसक्त देखेमा दर्ता गरी अनुसूची -२ बमोजिको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र बिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखारस्तवालालाई दरखास्त परेको मितिले ३० (तिस) दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधी प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधी बमोजिम भएका मानिनेछ ।

८. **विधान संशोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पुरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँपालिका जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

९. **गाउँपालिका जलश्रोत समितिको गठनः** (१) गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोगको लागि अनुमती पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँ जलश्रोत समिति रहनेछ ।

(२) गाउँ जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) जलश्रोत दर्ता गर्ने वडाको अध्यक्ष - सदस्य

(ग) बन डिभिजन कार्यालय प्रतिनिधी - सदस्य

(घ) गाउँपालिकाको पुर्वाधार विकास शाखा प्रमुख - सदस्य



(ङ) गाउँपालिका कृषि शाखा प्रमुख - सदस्य

(च) अध्यक्षले तोकेको गाउँकार्यपालिकाको सदस्य - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचि

१०. **जलश्रोत समितिको बैठक र कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षमा अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । बैठको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने ।

(३) बैठक संचालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिनेः** (१) जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहेमा व्यक्ति वा संगठित संस्थाले अनुसुची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाउँपालिका जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनु पर्नेछ । यसरी अनुमती प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले ३० तिस दिन भित्र प्रतिवेदन गाउँ जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

१२. **जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसुची – ४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासगँ सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

क. परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्सा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत परियोजनको सहभागिताहरुको नाम र तिनिहरुको संलग्रताको किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका संचालकहरुको नाम, थर, बतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

ख. सम्भाब्यताको बिश्लेषण (परियोजनाकव विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक बिश्लेषण र उपभोक्ताहरुको विवरण)

ग. वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिवद्वता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पुँजी ऋणको प्रतिशत )

घ. घर जग्गाको उपयोग वा प्राप्ति (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनिहरुको लागत)

ङ. वातावरणिय प्रभाव विश्लेषण परियोजनाले वातारणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्युनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागस अपनाउने उपायहरु परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानिय श्रम तथा श्रोत र साधनको उपयोग परियोजना सम्बन्धित कार्य पुरा भएपछी त्यस क्षेत्रमा व्यक्तिहरुले पाउने लाभ निर्माण तथा संञ्चालन सम्भार सम्बन्धमा स्थानिय जनतालाई दिईने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर वस्थापित जनसंख्यको लागत र तिनिहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट खुलाउनु पर्छ ।

१३. **दरखास्त उपर जाँचबुझः** (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३० तिस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१४. **सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेः** (१) दफा १२ बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछी गाउँ जलश्रोत समितिले दफार १३बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।



(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलश्रोतको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र गाउँ जलश्रोत समिति समक्ष जो सुकैले पनि मन्तव्य दिन सक्नेछ ।

(३) दफा २ बमोजिम प्राप्त हुन आएको प्रतक्रिया समेतलाई विचार गरी गाउँ जलश्रोत समितिले त्यस्तो उल्लेखनिय प्रतिकुल असर न्युनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नु पर्ने कुराहरु अनुमतिपत्र दिदा तोकी दिनेछ ।

१५. **अनुमती पत्र दिनेः** दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधी पुरा गरी गराई गाउँ जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसुची – ५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

१६. **जलश्रोत माथी अधिकार कायम हुनेः** (१) यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमका लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलश्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१७. **नयाँ अनुमतिपत्र लिनु पर्नेः** (१) कर्यविधि प्रारम्भ हुनु अगावै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलश्रोत उपयोग अनुमतिपत्रको लागस दरखास्त दिनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसुचि -६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

१८. **अनुमती पत्र दस्तुरः** यो कार्यविधि बमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमतिमत्रको लागि दरखास्त दिदा अनुसुची-८ मा तोकिए बमोजिको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

१९. **अनुमतिपत्र नविकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नविकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतीपत्र नविकरण गराउदा अनुसुची – ७ मा तोकीएको दस्तुरको ५० पचास प्रतशत नविकरण दस्तुर लाग्नेछ ।

२०. **अनुमति पत्र बिक्रि वा हस्तान्तरण गर्न स्विकृति लिनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमानित पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्विकृति दिन सक्नेछ।

२१. **बार्षिक शुल्कः** अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई ब्यापारिक प्रयोजनको लागि स्वा उपलब्ध गराए गाउँपालिकालाई बुझाउनु पर्नु बार्षिक शुल्क अनुसुचि -५ बमोजिम तोकिए बमोजिम हुनेछ।

२२. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा गाउँ जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ।

२३. **अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेः** गाउँपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचिमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।



अनुसूचि-१
(दफा ५ को उपदफा (२) बमोजिम)
निवेदनको ढाँचा

श्री अध्यक्षज्यु
तिला गाउँपालिका जलश्रोत समिति

विषयः

महोदय,

हामिले ---------------------------------------------उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियमानुसार उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र १००० रुपैया दस्तुर सहित दरखास्त दिएका छौं।

विवरण

१ उपभोक्ता संस्थाको नामः
२ कार्य क्षेत्रः
३ उद्देश्यहरुः
(क)
(ख)
४. सदस्यहरुको नामः
ठेगानाः
पेशाः
(क)
(ख)
(ग)
(घ)
५. उपयोग गरिने जलश्रोतको विवरण
(क) जलश्रोतका नाम र रहेको ठाउँ
(ख) जलश्रोतबाट गरिने प्रयोग
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेकको जलश्रोतको परिमाण
(घ) उक्त जलश्रोतको हाल भैरहेको उपयोग
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण
(क) सेवाको किसिम
(ख) सेवा पुऱ्याउने क्षेत्र
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक श्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सहीः
नामः
पदः
ठेगानाः



अनुसूची – २

(दफा ७ को उपदफा( १) बमोजिम)

तिला गाउँपालिका कार्यालय डुण्डेली जुम्ला

दर्ता मितिः

दर्ता नः मितिः

श्री ---------------------------

----------------------

उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र ।

----------------------------------( सम्बन्धित उपभोक्ता संस्थाको नाम) लाई तिला गाउ कार्यपालिकाको बैठक संख्या नं ------------मिति ------------------------------निर्णय नं ------ यस कार्यविधीको दफा ७ को उपदफा १ बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा कार्यविधी बमोजिमका कार्यक्रम संचालन गर्नु होला । संस्थाको कार्य क्षेत्र गाउँपालिकाको वडा नं --------रहने छ ।

सहीः

नाम थर

पद

अनुसूची – ३

जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः

श्री अध्यक्षज्यु

तिला गाउँपालिका जलश्रोत समिति

----------------------जुम्ला

जलश्रोतको उपयोगको निमत्त सर्वेक्षण गर्नको लागि अनुमती पत्र पाउन जलश्रोत दफा------ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्तिगत संगठित संस्थाको नाम र ठेगानाः

२. उद्वेश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्चहरुः
(पुष्टयाई विवरण संलग्न गर्नु पर्नेछ )

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरु ( जलश्रोत नियमावली २०५० को नियम १२ बमोजिम)
माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुला बुझौला ।
संगठित संस्था भए सो संस्थाको छापः

सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनकोः
नामः
थरः
पदः



अनुसूची – ४

जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

तिला गाउँपालिका

गाउँ जलश्रोत समिति जुम्ला

मितिः

श्री ---------------------------

----------------------------।

महोसय,

तपाईलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस कार्यविधि बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगानाः

२. जलश्रोत सर्वेक्षणको उद्वेश्यः

३. जलश्रोत सर्वेक्षणको क्षेत्रः

४. सर्वेक्षण गर्ने अवधिः

५. अनुमति पत्र बहाल रहने अवधिः

अनुमती पद दिने अधिकारीको
नामः
सहीः
पदः

अनुसूची – ५

(दफा १२ बमोजिम)

जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र लागि दरखास्त

मितिः

श्री अध्यक्ष ज्यु

----------------गाउँ जलश्रोत समिति

---------------------------

जलश्रोतको उपयोगको निमित्त अनुमति पत्र अनुमतिपत्र पाउन मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७७ को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्धेश्यः
३. उपयोग गर्न खोजेको जलश्रोतको र उपयोग परिमाण गर्नु प्रयोजनः
४. प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउः
५. जलश्रोत उपयोगबाट लाभपुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
८. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सो को श्रोतः
९. जलश्रोतको उपयोग गर्ने तरिकाः
१०. जलश्रोतको हाल भैरहेको भविष्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरणहरुः

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला।

संगठित संस्था भए सो संस्थाको छाप

सम्वन्धित ब्यक्ति वा संगठित संस्थाको

तर्फ बाट दरखास्त दिने ब्यक्तिको

नाम थरः
सहीः
पदः



अनुसूची – ६

जलश्रोतको उपयोगको अनुमतिपत्र

तिला गाउँपालिका

गाउँ जलश्रोत समिति जुम्ला

पत्रसंख्याः

मितिः

श्री ---------------------------------

-----------------------------------।

महाशय,

तपाईलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७५ बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलश्रोत उपयोगको उद्धेश्यः
३. जलश्रोतको नाम किसिक रहेक स्थानः
४. उपयोग गर्न पाउने जलश्रोतको परिमाणः
५. जलश्रोत उपयोगको क्षेत्रः
६. जलश्रोत उपयोग गर्ने तरिकाः
७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
८. अनुमति पत्र बहालरहने अवधिः

अनुमति पत्र दिने अधिकारीको

नामः

सही

अनुसूची – ७

जलश्रोतको उपयोगको अनुमति पत्र

तिला गाउँपालिका

गाउँ जलश्रोत समिति -------जुम्ला

पत्रसंख्या:

मितिः

श्री -------------------------

-------------------------।

महाशय,

तपाईले अनुमतिपत्र पाउन मिति ------------------मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाई मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७७ को दफा बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:
२. जलश्रोत उपयोग सगँ सम्बन्धित परियोजनाको किसिम नामः
(प्रत्येक उपयोग सगँ सम्बन्धित)
३. जलश्रोतको नाम रहेको थानः
४. जलश्रोतको उपयोग भएको परिमाणः
५. जलश्रोत उपयोगबाट उपलब्ध गाराईएको सेवा र त्यसको विस्तार क्षेत्रः

प्रदेश ------------------जिल्ला ------------------गाउँपालिका -------------वडा नं

६. उपभोक्ता संख्या र त्यसको किसिमः
७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः
८. अनुमतिपत्र बहाल रहने अबधिः
९. अन्य शर्तहरुः

अनुमतीपत्र दिने अधिकारीको

नामः

सहिः



अनुसूची – ८

अनुमतिपत्र दस्तुर

| जलश्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|
| (क) खानेपानी घरेलु उपयोग – | रु १०००। |
| (ख) सिंचाई | रु २०००। |
| (ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु १००। |
| (घ) घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु २०००। |
| (ङ) जलयातायात | रु ५०००। |
| (च) आमोद प्रमोद जन्य उपयोग | रु ५०००। |
| (छ) अन्य उपयोग | रु ५०००। |

अनुसूची – १

जलश्रोतको उपयोगको बाफत बुझाउनु पर्ने वार्षिक शुल्क

१. सिंचाईको हकमा

(क) दुईहजार हेक्टर सम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु एकका दरले अधिकतम रु १०००।

(ख) दुईहजार देखि पाँच हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु २०००।

(ग) पाँच हजार देखि दश हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु ५०००।

(घ) दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु १००००।

(ङ) पन्ध्र हजार देखि बिस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु १५०००।

(च) बिस हजार देखि पच्चिस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु २००००।

(छ) पच्चिस हजार हेक्टर भन्दा बढी जमिन सिंचाई गर्न रु २५०००।

२. खानेपानीको हकमा

(क) दुईहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु ५००।

(ख) दुईहजार देखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु २०००।

(ग) पाँचहजार देखि दश हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु ५०००।

(घ) दशहजार देखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु १००००।

(ङ) पन्ध्रहजार देखि बिस हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु १५०००।

(च) बिसहजार देखि पच्चिस हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु २००००।

(छ) पच्चिस हजार भन्दा बढी जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु २५००००।

३. कृषिजन्य उपभोगको लागि रु २०००। देखी २००००। सम्म पानि प्रयोगको परिमाणको आधारमा

४. घरेलु उद्योगको लागि रु २०००। देखी २००००। सम्म पानि प्रयोगको परिमाणको आधारमा ।

५. औधोगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि ५०००। देखि ५००००। सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोद जन्य प्रयोगको लागि रु १०००। देखी १००००। सम्म वार्षिक कारोवारको आधारमा ।

७. अन्य प्रयोगको लागि रु ५०००। देखी १००००। सम्म वार्षिक कारोबारको आधारमा ।

प्रमाणिकरण मितिः २०७७।० ३।१९

आज्ञाले,

नामः मीन बहादुर रावल

पद : प्रमुख प्रशासकीय अधिकृत